# राष्ट्रिय खेलकुद प्रतियोगिता (पहिलो संशोधन) सञ्चालन निर्देशिका, २०७९

प्रस्तावना: स्थानीय तहदेखि खेल प्रतिभाको खोजी र पहिचान गरी प्रतिभावान खेलाडी उत्पादन गर्ने तथा खेलकुदको विकास र विस्तारका लागि प्रत्येक दुई वर्षमा चक्रिय प्रणालीमा हरेक प्रदेशमा आयोजना गरिने राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन प्रक्रियालाई सरल, पारदर्शी र मितव्ययी बनाई खेलकुदलाई मर्यादित, स्वच्छ, निष्पक्ष र व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस निर्देशिकाको नाम "राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अध्यक्ष" भन्नाले राष्ट्रिय खेलकुद परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "अनुगमन समिति" भन्नाले दफा ६ बमोजिमको अनुगमन समिति सम्झनु पर्छ।

(ग) "कार्यकारी समिति" भन्नाले दफा ८ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

(घ) "गैर आवासीय नेपाली संघ (एन.आर.एन.ए.) टिम" भन्नाले गैर आवासीय नेपाली खेलाडीहरूबीच छनौट भई आएको टिम सम्झनु पर्छ।

(ङ) "परिषद्" भन्नाले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ३ बमोजिमको राष्ट्रिय खेलकुद परिषद् सम्झनु पर्छ।

(च) "प्रदेश खेलकुद निकाय" भन्नाले प्रदेश कानून बमोजिम गठन भएको प्रदेशस्तरको खेलकुद परिषद् वा त्यस्तो परिषद् गठन नभएको प्रदेशको हकमा खेलकुद सम्बन्धी विषय हेर्ने प्रदेश मन्त्रालय वा निकाय सम्झनु पर्छ।

(छ) "प्रदेश खेलाडी छनौट समिति" भन्नाले दफा ११ बमोजिमको प्रदेश खेलाडी छनौट समिति सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकारको युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ।

(झ) "मूल आयोजक समिति" भन्नाले दफा ४ बमोजिमको मूल आयोजक समिति सम्झनु पर्छ।

(ञ) "राष्ट्रिय खेलकुद प्रतियोगिता" भन्नाले खेलकुदका विभिन्न विधामा विभिन्न खेलकुद टिमहरुबीच आवधिक रुपमा प्रतिस्पर्धा गराउने गरी राष्ट्रियस्तरमा आयोजना गरिने खेलकुद प्रतियोगिता सम्झनु पर्छ।

(ट) "विभागीय टिम" भन्नाले नेपानी सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका आ-आफ्नै निकाय अन्तर्गतको प्रतियोगिताबाट छनौट भई आउने खेलकुद टिम सम्झनु पर्छ।

(ठ) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ ।

३. <u>राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना तथा प्रतियोगितामा समावेश हुने खेलहरुः</u> (१) राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना नेपाल सरकारको निर्णय बमोजिम परिषद्ले गर्नेछ ।

(२) राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुने प्रदेशको प्रदेश खेलकुद निकाय त्यस्तो प्रतियोगिताको सहआयोजकको रुपमा रहनेछ ।

(३) राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश हुने खेलको छनौट परिषद्ले गर्नेछ।

(४) उपदफा (३) बमोजिम खेलको छनौट गर्दा विगतका राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश भएका खेलहरु मध्ये अफिसियल खेलहरुको उपलब्धिको आधारमा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्न सक्ने सम्भावना भएका महत्वपूर्ण खेलहरुलाई आधार मानिनेछ।

<u>स्पष्टीकरण</u>ः यस उपदफाको प्रयोजनको लागि "अफिसियल खेल" भन्नाले साउथ एशियन खेलकुद र ओलम्पिक खेलकुद सम्झनु पर्छ।

(५) उपदफा (४) मा उल्लिखित खेलका अतिरिक्त कार्यकारी समितिले आवश्यक ठानेका अन्य खेललाई राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदर्शनी खेलको रुपमा समावेश गर्न सकिनेछ।

(६) राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेश खेलाडी छनौट समितिले छनौट गरेका खेलाडी वा टिम, तीन विभागीय टिम, गैर आवासीय नेपाली संघको टिम र मूल आयोजक समितिले तोकेको टिमलाई सहभागी गराइनेछ।

(७) राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश खेल ईभेन्ट्स र खेलाडीहरूको कोटा कार्यकारी समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(८) राष्ट्रिय खेलकुद प्रतियोगिता स्थलमा प्रभातफेरी तथा झाँकीको व्यवस्था उपदफा (२) बमोजिमको सहआयोजकले गर्नेछ।

## परिच्छेद-२

## <u>समिति सम्बन्धी व्यवस्था</u>

४. <u>मूल आयोजक समितिः</u> (१) राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न, समन्वय गर्न तथा त्यस सम्बन्धी आवश्यक निर्देशन दिन देहाय बमोजिमको मूल आयोजक समिति रहनेछः-

(क) नेपाल सरकारको युवा तथा खेलकुद मन्त्री -अध्यक्ष

(ख) राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुने प्रदेशको मुख्यमन्त्री -सदस्य

(ग) संघीय संसद, प्रतिनिधि सभा, शिक्षा तथा स्वास्थ्य समितिका सभापति -सदस्य

(घ) राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुने स्थान रहेको जिल्लाबाट संघीय संसदमा प्रतिनिधित्व गर्ने सदस्यहरु -सदस्य

*(ङ) सातवटै प्रदेशका युवा तथा खेलकुद मन्त्रालय हेर्ने मन्त्री -सदस्य

(च) राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुने प्रदेशको प्रदेश सभाको खेलकुदसँग सम्बन्धित समितिका सभापति -सदस्य

(छ) राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुने स्थान रहेको जिल्लाबाट सम्बन्धित प्रदेश सभामा प्रतिनिधित्व गर्ने सदस्यहरु -सदस्य

(ज) राष्ट्रिय योजना आयोगको युवा तथा खेलकुद सम्बन्धी विषय हेर्ने सदस्य -सदस्य

(झ) राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन हुने स्थान रहेको स्थानीय तहका प्रमुख वा अध्यक्ष -सदस्य

(ञ) मन्त्रालयको सचिव -सदस्य

(ट) राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुने प्रदेशको प्रमुख सचिव -सदस्य

(ठ) परिषद्को उपाध्यक्ष -सदस्य

(ड) प्रदेशको खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव -सदस्य

(ढ) नेपाल ओलम्पिक कमिटीको अध्यक्ष -सदस्य

(ण) परिषद्का सदस्यहरू -सदस्य

(त) नेपाली सेनाको एकजना प्रतिनिधि -सदस्य

(थ) नेपाल प्रहरीको एकजना प्रतिनिधि -सदस्य

(द) सशस्त्र प्रहरी बल, नेपालको एकजना प्रतिनिधि -सदस्य

(ध) प्रदेश खेलकुद निकायको प्रशासकिय प्रमुख -सदस्य

(न) नेपाल ओलम्पिक संघका अध्यक्ष -सदस्य

(प) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष -सदस्य



* पहिलो संशोधन

(फ) परिषद् कर्मचारी संघका अध्यक्ष -सदस्य

(ब) नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि -सदस्य

(भ) नेपाल होटल व्यवसायी संघका प्रतिनिधि -सदस्य

(म) खेलकुद क्षेत्रका विशिष्ट व्यक्तित्वहरुमध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तीमा दुईजना महिला सहित पाँच जना -सदस्य

(य) गैर आवासीय नेपाली संघको अध्यक्ष -सदस्य

(र) नेपाल खेलकुद पत्रकार मञ्चको अध्यक्ष -सदस्य

(ल) राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश हुने खेलका राष्ट्रिय खेल संघका अध्यक्षहरु -सदस्य

(व) परिषद्का सदस्य-सचिव -सदस्य सचिव

(२) मूल आयोजक समितिको बैठक आवश्यकता अनुसार वस्नेछ र त्यस्तो बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५. मूल आयोजक समितिको काम, कर्तव्य र अधिकारः मूल आयोजक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना तथा व्यवस्थापन गर्ने गराउने,

(ख) मन्त्रालय तथा सम्बन्धित निकायबीच समन्वय गर्ने गराउने,

(ग) अनुगमन समिति, कार्यकारी समिति तथा यस निर्देशिका बमोजिम गठन भएका उपसमितिलाई आवश्यक निर्देशन दिने,

(घ) राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना गर्ने सम्बन्धमा परिषद् तथा प्रदेश खेलकुद निकायले गर्नु पर्ने कामको जिम्मेवारी तोक्ने तथा बाँडफाँड गर्ने ।

६. अनुगमन समितिः (१) राष्ट्रिय खेलकुद प्रतियोगिताको अनुगमन तथा निरीक्षण गर्न देहाय बमोजिमको अनुगमन समिति रहनेछः-

(क) परिषद्को उपाध्यक्ष -संयोजक

(ख) मन्त्रालयको खेलकुद प्रतियोगिता शाखाको प्रमुख -सदस्य

(ग) प्रतियोगिता हुने प्रदेशको प्रदेश खेलकुद निकायको प्रशासकिय प्रमुख -सदस्य

(घ) आगामी राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुने प्रदेशको प्रदेश खेलकुद निकायको प्रशासकीय प्रमुख -सदस्य

(ङ) परिषद्का सदस्यहरुमध्ये एकजना महिला सहित अध्यक्षले तोकेका दुई जना -सदस्य

(च) खेलकुद क्षेत्रका विज्ञहरु तथा राष्ट्रिय खेल संघ मध्येबाट

अध्यक्षले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित तीन जना -सदस्य

(२) अनुगमन समितिको बैठक आवश्यकता अनुसार वस्नेछ र त्यस्तो बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. <u>अनुगमन समितिको काम, कर्तव्य र अधिकारः</u> अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय खेलकुद प्रतियोगिता र त्यस्तो प्रतियोगितामा समावेश भएका खेलको नियमित निरीक्षण तथा अनुगमन गर्ने,

(ख) निरीक्षण तथा अनुगमनका क्रममा खेलाडी तथा अफिसियलबाट प्राप्त सुझाव तथा गुनासो परिषद्मा पेश गर्ने ,

(ग) निर्देशिकाको परिधिभित्र रही कार्यकारी समिति तथा विषयगत उपसमितिलाई आवश्यक निर्देशन दिने,

(घ) निरीक्षण तथा अनुगमन प्रतिवेदन परिषद्मा पेश गर्ने।

८. <u>कार्यकारी समितिः</u> (१) राष्ट्रिय खेलकुद प्रतियोगिताको सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्यकारी समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | परिषद्को सदस्य-सचिव | -संयोजक |
| (ख) | मन्त्रालयको खेलकुद महाशाखा प्रमुख | -सदस्य |
| (ग) | खेल आयोजना हुने प्रदेशको प्रदेश खेलकुद निकायको प्रशासकीय प्रमुख | -सदस्य |
| (घ) | परिषद्का सदस्यहरु मध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तीमा एकजना महिला सहित दुईजना | -सदस्य |
| (ङ) | परिषद्का विभागीय प्रमुखहरु | -सदस्य |
| (च) | संयोजकले तोकेको परिषद्को कर्मचारी | -सदस्य सचिव |

(२) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार वस्नेछ र त्यस्तो बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) कार्यकारी समितिले खेलकुद प्रतियोगिताको तयारी तथा व्यवस्थापनको लागि आवश्यकता अनुसार कर्मचारी रहने गरी खेलकुद प्रतियोगिता सचिवालयको व्यवस्था गर्न सक्नेछ।

९. <u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः</u> कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि स्वीकृत भएको बजेटको परिधिभित्र रही आवश्यक कार्य गर्ने, गराउने,

(ख) राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ग) अध्यक्षसँग परामर्श गरी उपसमितिका पदाधिकारीहरु तोक्ने,

(घ) उपसमितिहरुले सम्पादन गर्नु पर्ने कार्यहरु तोक्ने,

(ङ) राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न भएको नब्बे दिन भित्र राष्ट्रिय खेलकुद प्रतियोगितामा भएको खर्च सहितको प्रगति विवरण परिषद् मार्फत मन्त्रालय समक्ष पेश गर्ने तथा सार्वजनिक गर्ने,

(च) सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरी प्रतियोगिता सम्पन्न गर्ने,

(छ) निमन्त्रणा गरिएका अतिविशिष्ट तथा विशिष्ट अतिथिहरुको स्वागत सत्कारको आवश्यक व्यवस्थापन गर्ने,

(ज) राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि आवश्यक पदक तथा प्रमाण-पत्रहरुको व्यवस्थापन गर्ने,

(झ) राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागिता जनाउने खेलाडी, प्रशिक्षक, टिम व्यवस्थापक, टिम कोच, कर्मचारी र पदाधिकारीहरूको त्यस्तो प्रतियोगिताको अवधिभरको लागि दुर्घटना बिमा गर्ने,

(ञ) मन्त्रालयको समन्वयमा खेलकुदमा प्रतिबन्धित औषधि सेवन एवं विधि विरुद्ध परीक्षण गर्ने गराउने,

(ट) मूल आयोजक समिति र परिषद्ले निर्देशन गरे बमोजिमका कामहरु गर्ने।

१०. <u>विषयगत उपसमितिः</u> (१) खेलकुदलाई व्यवस्थित रुपमा सम्पन्न गर्नको लागि कार्यकारी समितिले आवश्यकता अनुसार देहाय बमोजिमका विषयगत उपसमितिहरु गठन गर्न सक्नेछः-

(क) समारोह उपसमिति,
(ख) प्राविधिक उपसमिति,
(ग) खेलस्थल व्यवस्थापन उपसमिति,
(घ) बसोबास व्यवस्थापन उपसमिति,
(ङ) अनुशासन उपसमिति,
(च) स्वास्थ्य उपसमिति,
(छ) यातायात व्यवस्था उपसमिति,
(ज) सुरक्षा प्रबन्ध उपसमिति,
(झ) प्रचार प्रसार उपसमिति,
(ञ) खेल सामाग्री तथा पोशाक व्यवस्थापन उपसमिति,
(ट) स्रोत परिचालन उपसमिति,
(ठ) अनुसन्धान उपसमिति,
(ड) स्वयंसेवक उपसमिति,
(ढ) एन्टीडोपिङ्ग उपसमिति।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको बैठक आवश्यकता अनुसार बस्नेछ र त्यस्तो बैठक सम्बन्धी कार्यविधि सम्बन्धित उपसमिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३

## खेलाडी छनौट तथा खेलाडी दर्ता सम्बन्धी व्यवस्था

११. प्रदेश खेलाडी छनौट समितिः (१) प्रदेश प्रतियोगिताबाट राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडीहरूको छनौट गर्न प्रत्येक खेलको लागि देहाय बमोजिम प्रदेश खेलाडी छनौट समिति गठन गरिनेछः-

(क) प्रदेश खेलकुद परिषद्को प्रशासकीय प्रमुख वा प्रदेश परिषद् गठन नभएमा प्रदेशको खेलकुद हेर्ने मन्त्रालयले तोकेको पदाधिकारी -संयोजक

(ख) प्रदेश खेलकुद निकायको तालिम तथा प्रशिक्षण विभाग प्रमुख वा निजले तोकेको त्यस्तो विभागको एकजना प्रशिक्षक -सदस्य

(ग) सम्बन्धित खेल संघ वा प्राविधिक समितिको प्रमुख वा प्रदेश खेलकुद निकायले तोकेको एकजना प्रतिनिधि -सदस्य

(घ) सम्बन्धित खेलका वरिष्ठ प्रशिक्षक वा संयोजकले तोकेको एकजना प्रशिक्षक -सदस्य

(ङ) प्रदेश खेलकुद निकायको कार्यालय प्रमुख -सदस्य सचिव

(२) प्रदेश खेलाडी छनौट समितिले निश्चित आधारहरू तयार गरी सोही आधारमा खेलाडी छनौट गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रदेश खेलाडी छनौट समितिको सिफारिस सहित प्रदेश खेलकुद निकायले राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडीहरुको नामावली सहितको पत्र कार्यकारी समितिले निर्धारण गरेको समयभित्र परिषद्मा पठाउनु पर्नेछ।

(४) बन्द प्रशिक्षणको व्यवस्थापन सम्बन्धित प्रदेशले गर्नेछ। बन्द प्रशिक्षण सञ्चालन गर्दा उत्कृष्ट प्रशिक्षकलाई प्राथमिकता दिनु पर्नेछ ।

(५) परिषद्ले यस दफा बमोजिम हुने खेलाडी छनौट तथा बन्द प्रशिक्षणको अनुगमन गरी प्रदेश खेलाडी छनौट समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

१२. खेलाडी दर्ता सम्बन्धी व्यवस्थाः (१) कुनै खेलाडी वा पदाधिकारीलाई राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी गराउनको लागि सम्बन्धित प्रदेशको प्रदेश खेलकुद निकाय, सम्बन्धित विभाग वा गैर आवासीय नेपाली संघले आफ्नो सिफारिसपत्र सहित त्यस्तो खेलाडीको नामावली र फोटो संलग्न गरी परिषद्मा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त नामावलीको आधारमा परिषद्ले अनुसूची-१ बमोजिमको ढाँचामा खेलाडी दर्ता गर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता नभएको खेलाडीलाई राष्ट्रिय खेलकुद प्रतियोगिता स्थलमा यस निर्देशिका बमोजिमको सेवा सुविधा उपलब्ध गराइने छैन ।

(४) प्रदेश प्रतियोगिता हुन नसक्ने खेलको हकमा प्रदेश खेलाडी छनौट समितिले निश्चित आधारमा खेलाडी छनौट गर्नेछ।

परिच्छेद-४

प्रतियोगितामा पालना गर्नु पर्ने सामान्य नियम

१३. राष्ट्रिय खेलकुद प्रतियोगिता संचालनका नियमः प्रतियोगितामा पालना गर्नुपर्ने सामान्य नियमहरु देहाय बमोजिम हुनेछः-

(क) दफा १२ बमोजिम खेलाडी दर्ता फाराममा नाम समावेश भएका खेलाडीहरूलाई मात्र राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी गराइनेछ।

(ख) दफा १२ बमोजिमको खेलाडी दर्ता फाराममा नाम समावेश भएको खेलाडीले प्रदेश वा विभागबाट आफ्नो नाम दर्ता भएको खेलमा मात्र भाग लिन पाउनेछ।

(ग) कुनै पनि खेलाडीले एकभन्दा बढी खेल खेल तथा एकभन्दा बढी प्रदेश वा विभागमा आफ्नो नाम दर्ता गराएको भएमा त्यस्तो खेलाडीलाई प्रतियोगितामा भाग लिन दिइने छैन।

(घ) कुनै खेलाडीले झुट्टा विवरण पेश गरी राष्ट्रिय खेलकुद प्रतियोगितामा भाग लिनु हुँदैन। त्यसरी झुट्टा विवरण पेश गरी त्यस्तो प्रतियोगितामा भाग लिएको प्रमाणीत भएमा सम्बन्धित सिफारिसकर्तालाई कारबाही गरिनेछ। खेलाडी दर्ता सम्बन्धमा उत्पन्न हुने कुनै पनि विवादको निर्णय सम्बन्धित संघ वा अनुशासन उपसमितिले नै गर्नेछ। त्यसरी विवादको समाधान हुन नसकेमा कार्यकारी समिति वा परिषद्ले गरेको निर्णय अन्तिम हुनेछ ।

(ङ) राष्ट्रिय खेलकुद प्रतियोगितामा राष्ट्रिय संघका पदाधिकारीहरू आयोजना स्थलमा त्यस्तो प्रतियोगिता सुरु हुनुभन्दा दुई दिन अगावै पुग्नु पर्नेछ र त्यस्तो प्रतियोगितामा जाँदा बढीमा तीन जना पदाधिकारीहरुलाई दैनिक तथा भ्रमण भत्ता सुविधा उपलब्ध गराइनेछ। त्यस्तो प्रतियोगिता स्थलमा पुग्नासाथ सम्बन्धित पदाधिकारीहरूले आधिकारिक पत्रका साथ आयोजक समितिसँग सम्पर्क गरी खेल परिचय-पत्र (एक्रिडियसन कार्ड) लिनु पर्नेछ।

(च) राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने राष्ट्रिय टिमहरू प्रतियोगिता सुरू हुने मितिभन्दा एक दिन अगावै अनिवार्य रूपमा प्रतियोगिता हुने स्थलमा पुगि सक्नु पर्नेछ। मनासिब कारण बाहेक प्रतियोगिता तालिका प्रकाशित भैसकेपछि प्रतियोगिता स्थलमा नपुग्ने टिमलाई प्रतियोगितामा समावेश गराइने छैन र कुनै सुविधा पनि प्रदान गरिने छैन।

(छ) राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुन जाने प्रत्येक खेलका टिममा एक जना प्रशिक्षक र एक जना व्यवस्थापकको व्यवस्था गरिनेछ र सोही अनुसार सुविधा उपलब्ध गराइनेछ।

तर महिला खेलाडी हुने खेलमा प्रशिक्षक र व्यवस्थापकमध्ये कम्तीमा एकजना महिला रहने व्यवस्था गर्नु पर्नेछ।

(ज) राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलको स्थायी एवं करार प्रशिक्षक नभएको खण्डमा स्वयंसेवक प्रशिक्षकले टिमको नेतृत्व गर्न पाउनेछ।

## परिच्छेद-५

## खेलकुद आयोजना तथा व्यवस्थापन

१४. राष्ट्रिय खेलकुद प्रतियोगिताः (१) राष्ट्रिय खेल संघले कार्यकारी समिति तथा सम्बन्धित प्रदेशसँग समन्वय गरी राष्ट्रिय खेलकुद प्रतियोगिताको सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिम राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्दा सम्बन्धित खेलका राष्ट्रिय संघहरूले अन्तर्राष्ट्रिय खेलकुद महासंघ तथा राष्ट्रिय संघको नियमानुसार खेल सञ्चालन गर्नु पर्नेछ।

१५. खेल सामाग्रीको व्यवस्थाः परिषद्को प्राविधिक उपसमितिले राष्ट्रिय संघ र सम्बन्धित खेलका मुख्य प्रशिक्षकहरुसँग समन्वय गरी राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीको लागि आवश्यक खेल सामाग्रीहरूको व्यवस्थाका लागि कार्यकारी समितिमा पेश गर्नु पर्नेछ ।

१६. खेल पोशाकः (१) परिषद्ले राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खेल पोशाक (झोला, ट्र्याकसुट, भेष्ट, जुत्ता, मोजा, टावेल) को व्यवस्था गर्नेछ।

(२) खेल पोशाक सम्बन्धित प्रदेशको टिम र विभागिय टिमको छुट्टाछुट्टै रङमा तयार गरिनेछ तथा रंगको छनौट गर्दा कार्यकारी समितिले सम्बन्धित टिमको समन्वयमा गर्नेछ ।

१७. खेल स्थल निर्धारणः परिषद्ले सम्बन्धित प्रदेश, प्राविधिक उपसमिति र राष्ट्रिय संघको समन्वयमा खेल स्थल निर्धारण गर्नेछ।

१८. स्वयंसेवक परिचालनः (१) राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न गर्न निश्चित समायवधिका लागि आवश्यकता अनुसार स्वयंसेवक परिचालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम यसरी परिचालन हुने स्वयंसेवकहरूको लागि स्वीकृत बजेटको अधीनमा रही मन्त्रालयले निर्धारण गरे बमोजिमको पारिश्रमिक उपलव्ध गराइनेछ ।

१९. रेफ्री, जज (निर्णायक) र जुरी व्यवस्थापनः (१) सम्बन्धित राष्ट्रिय खेल संघले खेलको प्रकृति अनुसार रेफ्रि, जज र जुरीको संख्या निर्धारण गरी प्राविधिक उपसमिति मार्फत स्वीकृतिका लागि कार्यकारी समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको रेफ्री, जज र जुरीको संख्यालाई औचित्यताको आधारमा कार्यकारी समितिले यथावत वा हेरफेर सहित स्वीकृति प्रदान गर्न सक्नेछ।

## परिच्छेद-६

## आर्थिक व्यवस्थापन

२०. पारिश्रमिक, भत्ता एवं अन्य सुविधाः परिषद्ले राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने अफिसियल, खेलाडी, कर्मचारी, विज्ञ, प्राविधिक, प्रशिक्षक, व्यवस्थापक र निर्णायकहरुलाई अर्थ मन्त्रालयको सहमतिमा मन्त्रालयले तोके बमोजिमको पारिश्रमिक, भत्ता एवं अन्य सुविधा उपलब्ध गराउनेछ।

२१. आवश्यक सामग्री खरिदः राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि आवश्यक पर्ने खेल सामग्री, वस्तु, परामर्श सेवा खरिद गर्ने तथा भाडा लिने सम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

## परिच्छेद-७

## विविध

२२. शपथ ग्रहणः राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने रेफ्री, जज, जुरी र खेलाडीहरूले अनुसूची-२ बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ।

२३. आचारसंहिता पालना नगर्नेलाई कारबाहीः प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगिताको मर्यादामा आघात पुग्ने गरी अवाञ्छनीय क्रियाकलापमा संलग्न हुने सहभागीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

२४. राष्ट्रिय खेलकुद प्रतियोगिताबाट अलग हुन नपाउनेः राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी टिम एवं खेलाडीहरू प्रतियोगिता अवधिभर प्रतियोगिताबाट अलग हुन पाउने छैनन्।

तर विशेष कारणवश त्यस्तो प्रतियोगिताबाट अलग हुनु पर्ने बाध्यात्मक स्थिति उत्पन्न भएमा कार्यकारी समितिको पूर्व स्वीकृति लिई त्यस्तो प्रतियोगिताबाट अलग हुन सकिनेछ।

२५. राष्ट्रिय खेलकुद प्रतियोगिता स्थगनको अवस्थाः मौसमको गडबडी, विपद वा कुनै आकस्मिक घटनाका कारणबाट राष्ट्रिय खेलकुद प्रतियोगिताको कुनै खेल स्थगित भएमा कार्यकारी समितिले परिषद् तथा सम्बन्धित खेल संघसँग समन्वय गरी सो प्रतियोगिता पुनः सञ्चालन गर्ने स्थान, समय र मिति तोकी त्यस्तो खेल सञ्चालन गर्न सक्नेछ ।

२६. झण्डाको व्यवस्थाः (१) कार्यकारी समितिले प्रदेशगत रूपमा तोके बमोजिमको झण्डा सम्बन्धित प्रदेश खेलकुद निकायले तयार गर्नु पर्नेछ ।

(२) राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडी सहितको टिमलाई उपदफा (१) बमोजिम तयार गरिएको झण्डा सहित सहभागी गराउनु पर्नेछ।

२७. पदक तथा पुरस्कारः राष्ट्रिय खेलकुद प्रतियोगितामा विजयी खेलाडीहरूको लागि परिषद्ले नगद पुरस्कार, पदक र प्रमाणपत्रको व्यवस्था गर्नेछ ।

२८. प्रतिक चिन्ह (लोगो): परिषद्ले राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रतीक चिन्ह (लोगो) तयार गरी प्रयोगमा ल्याउन सक्नेछ। त्यस्तो प्रतीक चिन्हमा सम्बन्धित प्रदेशको पहिचान समेत झल्कने स्पष्ट संकेत प्रयोग गर्न सकिनेछ ।

२९. मस्कटः परिषद्ले राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रदेशगत रूपमा पाइने लोकप्रिय जनावरलाई मस्कटको रूपमा प्रयोगमा ल्याउनेछ ।

३०. खेलकुद गीतः परिषद्ले राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खेलकुद गीत तयार गरी प्रयोगमा ल्याउनेछ।

३१. प्रतिवेदनः सहभागी प्रदेश तथा विभागीय टिम र गैर आवासीय नेपाली संघको टिमले राष्ट्रिय खेलकुद प्रतियोगिता सकिएको पैंतिस दिनभित्र त्यस्तो प्रतियोगितामा सहभागी खेलाडी र अन्य पदाधिकारीहरु, प्राप्त पदक, खेलकुदबाट प्राप्त उपलब्धिको विवरण र आगामी दिनमा हुने खेलकुद प्रतियोगिताका लागि सुधार गर्नु पर्ने सुझाव सहितको प्रतिवेदन परिषद्मा पेश गर्नु पर्नेछ।

३२. झण्डा हस्तान्तरणः खेलकुद समापनका अवसरमा आयोजकले आगामी राष्ट्रिय खेलकुद प्रतियोगितामा आयोजना हुने प्रदेशलाई राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न जिम्मेवारी हस्तान्तरण गर्न झण्डा हस्तान्तरणको व्यवस्था मिलाउनेछ।

अनुसूची-१

<u>खेलाडी दर्ता फाराम</u>

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

राष्ट्रिय/विभागीय

खेलाडी दर्ता नं. : ....................दर्ता मिति : .......................

प्रदेश : ..................... जिल्ला/विभागीय : ...........................

खेलाडीको नाम : .............................................................

लिङ्गः..............उचाइः.........................तौलः............जन्ममितिः.....................

नागरिता........

पेशा : ....................

शैक्षिक योग्यता : ................................

अध्ययन गरेको विद्यालय/विश्वविद्यालयको नामः................

खेलको नाम :....................

इभेन्ट : ................................

खेल सुरू गरेको मिति : ....................................

प्रशिक्षकको नाम : ............................................................

हालसम्म सहभागी प्रतियोगिताको नामः

१.

२.

हालसम्मको उच्चतम उपलब्धिः

१.

२.

प्रदेश .............. जिल्ला .............. न.पा.गा.पा............ वडा नं. ....... सम्पर्क नं. ........मोवाईल नं.

बाबु वा आमाको नामः .......................... पेशा : ............................

प्रदेश/विभागीय (जिल्लाको हकमा कार्यालय प्रमुख/अध्यक्ष, प्रदेशको हकमा प्रमुख/अध्यक्ष र विभागीय टिमको हकमा विभागीय प्रमुख

(क) नाम .......... (ख) नाम ......... (ग) नाम ............

| | | |
|---|---|---|
| पदः | पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः |
| कार्यालयको छाप | कार्यालयको छाप | कार्यालयको छाप |

<u>नियमहरूः</u>

१. विभागीय टिमहरूको सम्वन्धमा विभागको सिफारिसको आधारमा खेलाडीहरूलाई सहभागी गराइनेछ।

२. राष्ट्रिय खेलकुद नीति, नियम र निर्देशनलाई पूर्ण पालना गर्दै खेलाडीहरुले सहभागी हुने जुनसुकै प्रशिक्षण तथा प्रतियोगितामा खेलकुदको उच्च आर्दश अनुरूप अनुशासित भई खेल खेल्ने प्रतिज्ञा गर्नु पर्नेछ।

३. प्रतियोगिताको समयमा कुनै खेलाडी गम्भीर रूपले घाइते भएमा त्यसका लागि लाग्ने उपचार खर्च परिषद्ले व्यहोर्नेछ।

४. खेलकुदको मर्म र आर्दश प्रतिकूल हुने गरी खेलाडीहरुले कुनै पनि क्रियाकलाप गरेमा परिषद्ले कानून बमोजिम कारवाही गर्नेछ।

माथि लेखिएका सम्पूर्ण व्यहोरा ठिक साँचो हो । झुठा ठहरेमा नियम कानून अनुसार सहुँला बुझाउँला।

खेलाडीको नाम र ठेगानाः

खेलाडीको दस्तखतः

मितिः

अनुसूची-२

शपथ ग्रहणको नमूना

(दफा २२ सँग सम्बन्धित)

१. खेलाडीको शपथ ग्रहणः-

म -------------- ईश्वरको नाममा शपथ लिन्छु कि --------------- प्रदेशको --------------- शहरमा आयोजित ---------- राष्ट्रिय खेलमा समावेश ------------ खेलका प्रतियोगिताहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियमहरुको पालना गर्दै खेलकुदको उच्च आदर्श अनुरुप अनुशासित तथा मर्यादित भई खेल खेल्नेछु।

शपथ ग्रहण गर्ने खेलाडीको

दस्तखतः ..................................

नाम : .......................................

पद : .........................................

मिति : .....................................

२. रेफ्री, जज र जुरीको शपथ ग्रहणः-

म ------------------ ईश्वरको नाममा शपथ लिन्छु कि ------------- प्रदेशको ----------- शहरमा आयोजित ---------- राष्ट्रिय खेलमा समावेश ----------------- खेल/सम्पूर्ण खेलका प्रतियोगिताहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियमहरुको पालना गर्दै खेलकुदको उच्च आदर्श अनुरुप निष्पक्ष भई खेल खेलाउनेछु।

शपथ ग्रहण गर्ने पदाधिकारीको

दस्तखतः ..................................

नाम : .......................................

पद : .........................................

मिति : .....................................